# १२ अय्यूबका उध्दारकर्ता

*<u>यस अध्यायका मूल पदहरू:</u>* अय्यूब १९:२५-२७, यूहन्ना १:१-१४, अय्यूब १०:४,५, लूका २:११, गलाती ४:१९, लूका ९:२२ र यशैया ५३:१-६।

*<u>यस अध्यायको स्मरण गर्नुपर्ने मूल पद:</u>* **"हामीले भोग्नुपर्ने दुःखकष्ट उहाँले भोग्नुभयो। हामीहरूले बोक्नुपर्ने पीडा उहाँ आफैले बोक्नुभयो। परमेश्वरले उहाँलाई दण्ड दिइरहनुभएको भनेर हामीले ठान्यौं। परमेश्वरले उहाँलाई घाइते बनाइरहनुभएको र दुःख दिइरहनुभएको भनेर हामीले सोच्यौं" (यशैया ५३:४ रूपान्तरित)।**

अय्यूब ३८ मा अय्यूबकहाँ परमेश्वर अचानक देखा पर्नुहुन्छ। परमेश्वर देखा पर्नुभएको अय्यूबको पुस्तकको बिषयबस्तुको चरमबिन्दु अर्थात् चुचुरो हो। अय्यूबको कथाको उल्लेखनीय, अत्यन्त रमाइलो र प्रभावकारी पक्ष भनेकै परमेश्वरको अय्यूब र उनका मित्रहरूको बीचमा अचानक उपस्थिति हुनु हो। कथाको ठिक अन्त्य हुनुभन्दा अघि उहाँ देखापर्नुहुन्छ। अत्यन्त शक्तिशाली र अचम्म तरिकाले परमेश्वर आफै अय्यूबकहाँ देखा पर्नुहुन्छ। त्यसले गर्दा अय्यूबले गरेको पाप उनले स्वीकार्न र ठूलो दुःख प्रकट गर्न र अनि पश्चाताप गर्न अग्रसर गराउँछ। अनि अय्यूबका तिन जना साथीहरूलाई तिनीहरूले अय्यूबलाई गलत शब्दहरू प्रयोग गरेको असंतुष्टि प्रकट गर्दै परमेश्वरले हप्काउनुहुन्छ। अनि परमेश्वरकै निर्देशन अनुसार तिनीहरूको निम्ति अय्यूबले प्रार्थना गर्छन्। "परमेश्वरले अय्यूबलाई फेरि सम्पन्न बनाउनुभयो। पहिलाको भन्दा दोबर परमेश्वरले अय्यूबलाई दिनुभयो" (अय्यूब ४२:१० रूपान्तरित)। त्यसपछि अय्यूब सफल जीवन बिताउँदै लामो आयु लिएर बाँच्दछन्।

हुन त त्यस कथा कसरी अन्त्य हुन्छ र त्यसमा के भएको छ त्यो खास चित्तबुझ्दो छैन। स्वर्गमा परमेश्वर र शैतानको बीचमा भनाभन हुन्छ र तिनीहरूको युद्धमा यस संसारमा रहेको बीचरा सोझो अय्यूबको जीवन र शरीर युद्ध मैदानमा परिणत हुन पुग्छ, मानौं साँढेको लडाँईमा बाछाको मिचाइ। परमेश्वर र शैतानको बीचको संग्राममा निर्दोष अय्यूब शिकार हुनु ठिक र

न्यायोचित देखिन्दैन। शैतानले अय्यूबमाथि आतङ्क मच्चाउँदा परमेश्वर स्वर्गमा चुपचाप बसेर हेरिरहनुभएको थियो।

यथार्थमा, त्यस कथामा त्यहाँ देखाइएको भन्दा अझ धेरै बिषयबस्तुहरू छन्। ती विषयबस्तु सयौं वर्षपछि येशू र क्रुसमा उहाँको मृत्युद्वारा देखाइएको थियो। अय्यूबको पुस्तकले संतुष्टरूपमा जवाफ दिन नसकेका प्रश्नहरूका जवाफहरू केवल येशूले मात्र अचम्म र मनलाई शान्त हुने गरि दिनुहुन्छ।

## १. मेरो जीवनको उद्धारकर्ता जीवित हुनुहुन्छ (अय्यूब १९:२५-२७)

जब अय्यूब ३८ अध्यायमा परमेश्वर अय्यूबकहाँ देखा पर्नुहुन्छ तब आफूलाई त्यस सृष्टिकर्ताको रूपमा चिनारी गराउनुहुन्छ जो "पानी कहाँ बर्षिनुपर्छ सो भन्नुहुन्छ, जसले चत्याङ्ग हुरी बतासको निम्ति बाटो तयार पार्नुहुन्छ र जहाँ कोही बस्दैन त्यहाँ पानीले पुऱ्याउनुहुन्छ" (अय्यूब ३८:२५,२६ रूपान्तरित)। तर हामीहरूको प्रभु केवल सृष्टिकर्तामात्र हुनुहुन्न। उहाँ अर्को महत्त्वपूर्ण नाउँले चिनिएको चाहनुहुन्छ र साथै अर्को काम पनि उहाँको छ भनेर देखाउन चाहनुहुन्छ।

जुन सुकै पीडा सहनुपरेतापनि आफूले उद्धार पाउनेछ भन्ने अय्यूबको आशालाई अय्यूब १९:२५-२७मा व्यक्त गरेको भावनाले हामीलाई के सिकाउँछ? हेर्नुहोस्: "२५ तर म जान्दछु, मेरा उद्धारक जीवित हुनुहुन्छ, सबैभन्दा अन्तिम समयमा उहाँ पृथ्वीमा खड़ा हुनुहुनेछ। २६ अनि मेरा छाला नाश गरिसकेपछि, मेरो शरीरमै म परमेश्वरलाई देख्नेछु। २७ म आफ्नै आँखाले उहाँलाई देख्नेछु, आफैले नै देख्नेछु अरू कसैले होइन। मेरो हृदय मभित्रै कति लालयत बन्छ!"

आफ्ना साथीहरूले उनलाई शब्दहरूद्वारा टोकेको टोकै बेलामा अय्यूबले आफ्नो उद्धारकर्ताको बारेमा उनमा केही आत्मज्ञान छ भनेर परमेश्वरप्रति ती प्रख्यात प्रतिवद्धता व्यक्त गर्दछन्। उनलाई थाहा छ कि मानिसहरू मर्दछन् तर चिहानको पारी त्यहाँ आशा छ। त्यो आशा उद्धारकर्ता वा मुक्तिदातामा छ जो यस पृथ्वीमा एक दिन आउनुहुनेछ।

अय्यूबले व्यक्त गरेका ती भावनाहरूमा बाइबलले सिकाउन चाहेको एक अत्यन्त महत्त्वपूर्ण सत्यलाई औंल्याउँछः त्यो परमप्रभु परमेश्वर हामीहरूको उद्धारकर्ता हुनुहुन्छ। परमेश्वर हामीहरूको सृष्टिकर्ता हुनुहुन्छ नै।

तर हामी पापै पापले भरिएको संसारमा छौं र पापी नै पापीहरूले भरिएको विश्वमा छौं। पापमै हामी रहनुपरेकोले मानिसहरूको पापसँगै हामीहरू पनि अनन्त मृत्युमा पर्ने निश्चित छ। त्यसकारण हामीहरूलाई सृष्टिकर्ताको मात्र आवश्यकत पर्दैन तर उद्धारकर्ताको पनि आवश्यक छ। अनि परमप्रभु सृष्टिकर्ता परमेश्वरको भूमिका पनि ठ्याक्कै त्यही हो: उहाँ हामीहरूको दुवै सृष्टिकर्ता र उद्धारक हुनुहुन्छ (यशैया ४८:१३-१७)। त्यसकारण उहाँ ती दुवै हुनुभएकोले उहाँमा अनन्त जीवनको महान् आशा हामीहरूमा पल्हाइरहन सक्छ।

प्रभु येशू दुवै सृष्टिकर्ता र उद्धारकर्ता हुनुहुन्छ भनेर उहाँको चेला यूहन्नाले यूहन्ना १:१-१४मा कसरी व्यक्त गर्दछन्? हेर्नुहोस्: "१ आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो। २ उहाँ आदिमा परमेश्वरसँग हुनुहुन्थ्यो। ३ सबै थोक उहाँद्वारा बनिए, र बनिएको कुनै थोक पनि उहाँविना बनिएन। ४ उहाँमा जीवन थियो, र त्यो जीवन मानिसहरूको ज्योति थियो। ५ त्यो ज्योति अन्धकारमा चम्कन्छ, र अन्धकार त्यसमाथि विजयी भएको छैन। ६ परमेश्वरबाट पठाइएका एक जना मानिस थिए, जसको नाउँ यूहन्ना थियो। ७ उनीद्वारा सबैले विश्वास गरून् भनेर त्यस ज्योतिको गवाही दिन उनी साक्षी भई आए। ८ उनी आफै त्यो ज्योति थिएनन्, तर त्यस ज्योतिको गवाही दिन आए। ९ हरेक मानिसलाई ज्ञान प्रदान गर्ने साँचो ज्योति संसारमा आउँदैहुनुहुन्थ्यो। १० उहाँ संसारमा हुनुहुन्थ्यो, संसार उहाँद्वारा बनियो, तापनि संसारले उहाँलाई चिनेन। ११ उहाँ आफ्नै मानिसहरूकहाँ आउनुभयो, तर उहाँका आफ्ना मानिसहरूले उहाँलाई ग्रहण गरेनन्। १२ तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्वास गरे, उहाँले तिनीहरूलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो। १३ तिनीहरू रगतद्वारा, शारीरिक इच्छाद्वारा, र कुनै मान्छेको इच्छाद्वारा होइन तर परमेश्वरबाट जन्मिएका हुन्छन्। १४ अनि वचन देहधारी हुनुभयो, र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा वास गर्नुभयो। हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिताबाट आउनुभएको एकमात्र पुत्रको जस्तो थियो।"

यूहन्ना १:१मा उत्पत्ति १:१ प्रतिविम्ब गरेको हामीले स्पष्ट रूपमा पाउँछौं। उत्पत्ति १:१मा परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ भनेर औंल्याउँछ। अनि यूहन्ना १:१०-१२मा यूहन्नाले येशूलाई उहाँ सृष्टिकर्ता हुनुभएको र उहाँले

उद्धारकको काम गर्नुभएको बीचमा सम्बन्ध रहेको देखाउँछ। "आफैले बनाउनुभएको संसारमा वचन हुनुहुन्थ्यो...तर उहाँका आफ्नै मानिसहरूले उहाँलाई ग्रहण गरेनन्। कुनै कुनैले उहाँलाई ग्रहण गरे। तिनीहरूले उहाँको नाउँमा विश्वास गरे। अनि उहाँ अर्थात् येशूले तिनीहरूलाई परमेश्वरको सन्तान हुने अधिकार दिनुभयो" (यूहन्ना १:१०-१२ रूपान्तरित)। येशू ख्रीष्ट हामीहरूको सृष्टिकर्ता हुनुभएकोले उहाँ हामीहरूको उद्धारकर्ता पनि हुनुहुन्छ।

**यदि हामीमा केवल सृष्टिकर्तामात्र हुनुहुन्छ तर उद्धारकर्ता हुनुहुन्न भने हामीहरूमा के आशा छ? उक्त प्रश्नको जवाफले येशू हामीहरूको उद्धारकर्ता हुनु हामीहरूको निम्ति कतिको महत्त्वपूर्ण छ भनेर देखाउँछ?**

## २. मानिसको पुत्र (अय्यूब १०:४,५)

ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् बैचारिक युद्ध वा को भन्दा को ठिक भन्ने बिवादको झट्ट दृष्य अय्यूबको पुस्तकको सुरू सुरूमा हामीले हेरेका थियौं। त्यो युद्ध स्वर्गमै सुरू भएको थियो भनेर हामीलाई बाइबलले जानकारी दिएको छ। पछि त्यो युद्ध स्वर्गबाट यस पृथ्वीमा सऱ्यो (प्रकाश १२:७-१२)। अय्यूबको पुस्तकमा त्यही बिषयबस्तु हामी पाउँछौं: स्वर्गमा भएको युद्ध यस पृथ्वीमा सर्छ। यो खेदपूर्ण छ कि त्यो युद्धको केन्द्रविन्दु बिचरा अय्यूब हुन पुग्यो।

आफूमाथि बिपद आइपरेपछि अय्यूबले पोखाएको दुखेसो अय्यूब १० अध्यायमा पाउँछ। त्यस दुखेसो वा गुनासोको एक बिषयबस्तु के हो? हेर्नुहोस्, अय्यूब १०:४,५ "४ के तपाईंका मानिसका जस्ता आँखा छन् के तपाईं मरणशील मानिसझैं देख्नुहुन्छ? ५ के तपाईंका दिन मरणशील मानिसका जस्तै छन् अथवा तपाईंको आयु मानिसको जस्तै छ ।

**अय्यूबले भन्न खोजेको कुरो सरल छ। तपाईं परमेश्वर हुनुहुन्छ, सारा जगतको शासक र सृष्टिकर्ता। के मानिस भएर जन्मनु तपाईंलाई थाहा छ? हामीले कसरी दुःखकष्ट पाइरहेकाछौं के तपाईंले भोग्नुभएको छ?**

अय्यूबको गुनासोको जवाफ तत्कालै उनले नपाएतापनि सयौं वर्षपछि आएको जवाफ देहायका केही पदहरूले दिएकोमा तपाईं के भन्नुहुन्छ? हेर्नुहोस्: लूका २:११,१२ "११ आज दाऊदको सहरमा तिमीहरूका निम्ति एक जना मुक्तिदाताको जन्म भएको छ, जो ख्रीष्ट प्रभु हुनुहुन्छ। १२ तिमीहरूलाई चिन्हचाहिँ यो हुन्छः तिमीहरूले एउटा बालकलाई लुगाले बेह्रेको र डूँड़मा

सुताइराखेको भेट्टाउनेछौ।", यूहन्ना १:१४ "१४ अनि वचन देहधारी हुनुभयो, र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा वास गर्नुभयो। हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिताबाट आउनुभएको एकमात्र पुत्रको जस्तो थियो।", लूका १९:१० "मानिसको पुत्र हराएकालाई खोज्न र बचाउन आएको हो।" , मत्ती ४:२ "उहाँ (येशू) चालीस दिन र चालीस रातसम्म उपवास बसिसकेपछि भोकाउनुभयो।", १ तिमोथी २:५ "किनकि परमेश्वर एउटै हुनुहुन्छ, परमेश्वर र मानिसहरूका बीचमा मध्यस्थ पनि एउटै हुनुहुन्छ– मानिस, ख्रीष्ट येशू।" र हिब्रू ४:१४-१६ "१४ आकाश छिचोलेर जानुभएका परमेश्वरका पुत्र येशू हाम्रा महान् प्रधान पूजाहारी हुनुभएको हुनाले हामीले पक्कासँग स्वीकार गरेको यो विश्वास थामिराखौं। १५ किनकि हाम्रा प्रधान पूजाहारी हाम्रो दुर्बलतामा हामीसँग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न। तर हामीजस्तै उहाँ सबै कुरामा परीक्षित हुनुभयो, र पनि पापरहित हुनुहुन्थ्यो। १६ यसकारण साहससँग अनुग्रहको सिंहासन नजिक जाऔं, र खाँचोको समयमा सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्न सकौं।"

परमेश्वर मानिस हुनुहुन्न त्यसकारण मानिसको पीडा उहाँलाई थाहा छैन भन्ने प्रमुख गुनासो अय्यूबको थियो। तर अय्यूबको त्यो आरोपको जवाफ पूर्ण र स्पष्टरूपा परमेश्वरले दिनुहुन्छ जब यस संसारमा येशू मानव रूप लिएर आउनुभयो। येशूले आफ्नो दिव्य वा परमेश्वरिय स्वभाव कहिलै पनि छोड्नुहुन्न। तर तब मानव रूप लिएर आउनुभयो तब उहाँ पूर्णरूपमा मानिस पनि हुनुहुन्थ्यो। उहाँ मानव रूप लिएर आउनु हुँदा उहाँलाई अय्यूब र सारा मानव जातिले जस्तै दु:ख, कष्ट, संघर्ष गर्नु भनेको के हो सोको ज्ञान थियो भनेर देखाउनुभएको थियो। अझ भनौं भने सुसमाचारका पुस्तकहरूभरि मानव रूप लिएर आउनुभएको येशू वास्तविक हुनुहुन्थ्यो र उहाँले मानिसहरू जस्तै अनेकौं दु:खकष्ट पाउनुभएको थियो भनेर जानकारी दिएको छ। त्यस परिप्रेक्ष्यमा अय्यूबको गुनासोलाई येशूले जवाफ दिनुभएको थियो भनेर हामी ठोकुवा गर्न सक्छौं।

" ख्रीष्टले आफ्नो स्वइच्छाले मानव अवतार लिनुहुँदा हो न हो वा देखावटी रूप लिएर आउनुभएको थिएन। उहाँले मानव स्वभाव लिनुभएको थियो र उहाँ मानिसकै स्वभाव लिएर जिउनुभएको थियो।...उहाँ हाडछालामा हुनुहुन्थ्यो, र पापी मानिसको शरीर जस्तै उहाँ बनिनुभएको थियो।"-एलेन जी ह्वाइट, *द एसडिए बाइबल कमेन्टरी, ठेली ५,* पृ. ११२४बाट रूपान्तरित।

**प्रभु येशू ख्रीष्टले मानिसको स्वभाव लिन स्वीकार गर्नुभयो त्यसको बारेमा सोच्नुहोस्। तपाईंले अहिले सामना गरिरहनुभएको संघर्ष र पीडासँग उहाँ कतिको नजिक हुनुहुन्छ भनेर येशूको त्यो स्वभावले कसरी बताउँछ?**

## ३. येशूको मृत्यु (१ यूहन्ना २:६)

देहायका पदहरूले येशूको बारेमा हामीलाई के जानकारी दिन्छ र उहाँको बारेमा हामीहरूको सोचाई कस्तो हुनुपर्छ भनेर देखाउँछ? हेर्नुहोस्, १ यूहन्ना २:६ "उहाँमा रहन्छु भन्ने व्यक्ति आफै पनि उहाँको चालअनुसार चल्नुपर्छ।" र गलाती ३:१९ "मेरा साना बालक हो, ख्रीष्ट तिमीहरूमा नबनिनुभएसम्म म फेरि प्रसवपीडामा छु।"

निःसन्देह, मानव समाजको निम्ति येशू आदर्श पुरुष हुनुहुन्छ। येशूको भक्त हुँ भन्ने प्रत्येक व्यक्तिले उहाँको जीवन तथा स्वभावको अनुसरण गर्नुपर्दछ। तर उहाँको आदर्श जीवनको अनुसरण गर्न परमेश्वरको अनुग्रहको आवश्यकता छ। यस संसारमा हामी कस्तो जीवन बिताउनुपर्छ र परमेश्वरले आह्वान गर्नुभएको अनुसार कसरी चल्ने भनेर सिद्ध नमुना कोही हेर्न चाहन्छ भने केवल येशूलाई मात्र हेर्नुपर्छ।

यद्यपि, येशू हामीहरूको निम्ति अनुकरणीय उदाहरण बन्नमात्र आउनुभएको होइन। हामी पापी भएको परिस्थितिले गर्दा केवल चरित्र सुधार गरेर जीवनलाई अघि बढाउन पुग्दैन। हो, हामीहरूको नराम्रो चरित्रलाई सुधार्नु र उहाँको स्वभावमा हामी बनिनु आवश्यक छ र येशू हामीहरूको उद्धारकर्ता हुनुभएकोले उहाँको सहायताले त्यो तहमा पुग्नु हामीलाई आवश्यकता छ। तर हामीलाई त्यो हुनुभन्दा बढि आवश्यकता छ। हामीहरूको निम्ति हामीहरूको सट्टामा कोही चाहिन्छ जसले हामीहरूको पापको मोल तिरिदिन्छ। प्रभु येशू ख्रीष्ट हामी मानव जातिहरूको निम्ति केवल सिद्ध नमुना वा आदर्श मर्यादा व्यक्ति हुन मात्र आउनुभएको होइन। हामी मर्नुपर्ने ठाउँमा उहाँ मर्न आउनुभयो ताकि उहाँको सिद्ध जीवन उहाँले हामीहरूलाई दिन सकुन् जसले गर्दा हामी पनि उहाँको जस्तै जीवन जिउन सकौं।

हामीहरूको निम्ति येशू ख्रीष्टको मृत्यु हुनु अनिवार्य छ भनेर देहायका पदहरूले कसरी खुलासा गरेका छन्? हेर्नुहोस्ः मर्कूस ८ः३१ “मानिसको पुत्रले धेरै दुःख भोग्नु, र धर्म-गुरुहरू, मुख्य पूजाहारीहरू र शास्त्रीहरूबाट इन्कार गरिनु र मारिनु अनि तीन दिनपछि जीवित भई उठ्नु आवश्यक छ” भनेर

उहाँले तिनीहरूलाई सिकाउन लाग्नुभयो।", लूका ९:२२ "अनि उहाँले भन्नुभयो, “मानिसको पुत्रले धेरै दुःख उठाउनुपर्छ, र उनी धर्म-गुरुहरू, मुख्य पूजाहारीहरू र शास्त्रीहरूबाट बहिष्कृत हुनेछ, मारिनेछ र तेस्रो दिनमा मृतकबाट जीवित भई उठ्नेछ।", लूका २४:७ " कि मानिसको पुत्र पापी मानिसहरूका हातमा सुम्पिनु, र क्रूसमा टाँगिनु, र तेस्रो दिनमा जीवित भई उठ्नु आवश्यक छ" र गलाती २:२१ "परमेश्वरको अनुग्रह म पन्साउँदिनँ, किनकि व्यवस्थाद्वारा धर्मी ठहरिने हो भनेता ख्रीष्ट व्यर्थैमा मर्नुभयो।"

हामी पापी छौं भनेर हामीहरूको स्वभावलाई उघारेर देखाउने परमेश्वरको व्यवस्था वा दश आज्ञाहरूको पालना गर्नु जरुरी छ। तर त्यसले पापीहरूलाई मुक्ति दिन सक्दैन। त्यसैकारण हामीहरूको निम्ति येशू मर्नु आवश्यक थियो। "त्यसकारण के परमेश्वरको व्यवस्था उहाँले गर्नुभएका प्रतिज्ञाहरूको खिलाफमा छ त? निश्चय पनि छैन! जीवन दिने व्यवस्था दिएको भए के हुन्थ्यो? अनि व्यवस्थालाई पालन गरेर मात्र मानिसहरू परमेश्वरको सामु धर्मी ठहरिन्थ्यो" (गलाती ३:२१ रूपान्तरित)। हुन त यदि कुनै व्यवस्थाले पापी मानिसहरूलाई मुक्ति दिन सक्छ भने त्यो केवल परमेश्वरको व्यवस्थालेमात्रै सक्छ। तर दश आज्ञा वा व्यवस्था पालन गर्‍यो भन्दैमा कोही पनि धर्मी ठहरिँदैन वा उसले मुक्ति पाउँदैन। केवल हामीहरूको सिद्ध नमुना येशू ख्रीष्टको सिद्ध जीवनलेमात्र हामीलाई मुक्ति दिन सक्छ। त्यसकारण हामीहरूको पापको निम्ति केवल एक बलि हुन येशू ख्रीष्ट आउनुभयो। उहाँको स्वइच्छाले हाम्रो निम्ति उहाँ मर्नुभएको थियो र त्यो बलि सदाको निम्ति र सबैको निम्ति एठेष्ट छ (हिब्रू १०:१२)।

**तपाईंको कमजोरि स्वभावले दश आज्ञाहरूलाई हेर्दा तपाईंको सट्टामा उद्धारकर्ताको आवश्यक भएको के महसुस गर्नुभएको छ?**

## ४. मानिसको पुत्रको (येशू) दुःखकष्ट (यशैया ५३:१-६)

यस संसारमा येशू आउनुभएको सयौं वर्ष अघि क्रुसमा उहाँको कष्ट तथा बेदनाको बारेमा परमेश्वरका अगमवक्ता यशैयाले भविष्यवाणी गरेका थिए। त्यो यशैया ५३:१-६मा यसरी उल्लेख गरिएको छः "१ हाम्रो समाचार कसले विश्वास गरेको छ? र परमप्रभुको बाहुबल कसलाई प्रकट गरियो? २ ऊ उहाँको सामु कलिलो बोटजस्तो र सुक्खा जमिनबाट निस्केको जरोजस्तो बढ्यो। ऊसित हामीलाई आकर्षण गर्ने न केही सुन्दरता न त महत्त्व नै

थियो। उसको अनुहारमा हामीलाई मन पर्ने केही थिएन। ३ ऊ मानिसहरूबाट घृणित थियो र इन्कार गरियो, अफसोसमा परेको मानिस र कष्टसित परिचित। ऊ त्योजस्तो थियो, जसलाई देखेर मानिसहरू आफ्ना मुख फर्काउँछन्। ऊ घृणित थियो, र हामीले उसलाई केही मोलको गनेनौं। ४ निश्चय नै उसले हाम्रा निर्बलताहरू बोक्यो, र हाम्रा दुःख भोग्यो, तापनि हामीले उसलाई परमेश्वरबाट हिर्काइएको, उहाँबाट पिटिएको र दुःखमा परेको सम्झ्यौं। ५ तर ऊ त हाम्रा अपराधहरूका निम्ति छेड़ियो। हाम्रा अधर्मका निम्ति ऊ पेलियो। हामीमा शान्ति ल्याउने दण्ड उसमाथि पऱ्यो, र उसको कोर्राको चोटले हामी निको भयौं। ६ हामी सबै भेड़ाझैं बरालिएका छौं। हामी हरेक आफ्नै बाटोतिर लागेका छौं, र परमप्रभुले उसमाथि हामी सबैको अधर्म हालिदिनुभएको छ।"

हामीहरूको कष्ट, दुर्वलता वा बेदना येशूले बोक्नुभयो भनेर यशैया ५३:४मा उल्लेख गरिएको छ। त्यो अय्यूबको दुःख र बेदना पनि हुनसक्छ। तर अय्यूबको मात्र होइन सारा संसारको निम्ति पनि। यस संसारमा जन्मिएका सबै मानव प्राणीहरूको पापको निम्ति येशू क्रुसमा मर्नुभएको थियो।

वास्तविक रूपमा हेर्ने हो भने केवल क्रुसद्वारामात्र अय्यूबको पुस्तक बुझ्न सकिन्छ। यहाँ हामीलाई त्यही परमेश्वरलाई देखाउनुभएको थियो अय्यूबलाई पनि देखाइएको थियो। चीलहरूलाई उड्न सिकाउने परमेश्वर हुनुहुन्छ। सारा अणु तथा परमाणुहरूलाई एकै ठाउँमा राखेर सारा मानिसहरूको हितको निम्ति जुटाउने परमेश्वर उहाँ नै हुनुहुन्छ। अय्यूबको निम्तिमात्र होइन कष्ट पाउने सारा मानव जगतको निम्ति त्यस परमेश्वरले कष्ट पाउनुभएको थियो। हामी प्रत्येकलाई थाहा भएको दुःखकष्ट, बेदना, शोकहरू उहाँले सबैको निम्ति बोक्नुभयो। त्यसकारण कसैले पनि मानव दुःखको बारेमा परमेश्वरलाई भाषण दिन सक्दैन, किनभने यस संसारको अस्तित्व भएदेखि र अन्तसम्म फैलिएको पापले गर्दा ल्याएको दुःखको भारि उहाँले मानव अवतार लिएर बोक्नुभएको थियो। हामीहरूलाई हामीहरूले व्यक्तिगत रूपमा दुःख पाएको वा व्यक्तिगत रूपमा बेदना सहनुपरेको मात्र थाहा छ तर क्रुसमा उहाँले सबैको निम्ति अनुभव गर्नुभएको थियो।

परमेश्वरले अय्यूबलाई सोध्नुहुन्छ, “स्वर्गमा शासन गर्ने विधि के तिमीलाई थाहा छ? मैले यस संसारमा शासन गरेको जस्तै के तिमीले शासन गर्न सक्छौ" (अय्यूब ३८:३३ रूपान्तरित)। जब स्वर्गलाई विधिको शासनमा

राख्न विधि वा व्यवस्थालाई सृजनुभयो भन्ने ज्ञानलाई हामी बुझ्छौं तब उहाँ अझ बढि अचम्म भएर देखाउनुहुन्छ। अनि उहाँ मानिसको रूप लिनु भयो र उहाँ मानिस भएर मर्नुभयो ताकि मृत्युको राज्यमा शासन गर्नेमाथि उहाँले नाश गरोस्। मैले त्यो शासक शैतानको बारेमा बोल्दैछु" (हिब्रू २:१४ रूपान्तरित)।

क्रुसलाई मनमा राखेर अय्यूबको पुस्तक हेऱ्यौं भन्ने त्यसको अर्थ राम्ररी बुझिन्छ तर येशूको क्रुस भएन भने त्यो बुझ्न गाऱ्हो हुन्छ। त्यसैकारण अय्यूबको पुस्तकले जवाफ दिन नसकेका धेरै प्रश्नहरू क्रुसले जवाफ दिन सक्छ। सबभन्दा ठूलो निर्णायक प्रश्न त यो थियो, यस संसारमा शैतानको आरोपलाई खण्डन गर्न बिचरा निर्दोष अय्यूबले दुःख पाउँदा परमेश्वरले स्वर्गबाट कसरी टुलुटुलु हेरिरहनुसक्नुभएको होला? यस संसारमा अय्यूब वा कुनै पनि मानिस अत्यन्त कष्टकर जीवन बिताउन वाध्य हुनुपरेतापनि ऊभन्दा बेसी दुःख हामी सबैको निम्ति हाम्रो प्रभुले स्वइच्छाले दुःख पाउन सक्नुभएको थियो भनेर क्रुसले प्रमाणित गर्दछ। हामीहरूलाई आशा र मुक्तिको प्रतिज्ञा प्रदान गर्न येशूले त्यो दुःखको बाटोको निति अपनाउनुभएको थियो।

**अय्यूबले परमेश्वरलाई सृष्टिकर्ताको रूपमा देखेका थिए। क्रुस पछि उहाँ हामीहरूको सृष्टिकर्ता र उद्धारकर्ताको रूपमा देख्दछौं। अझ ठ्याक्कै भन्नुपर्दा उहाँ त्यस सृष्टिकर्ता हुनुहुन्छ जो हाम्रो निम्ति मुक्तिदाता हुनुभयो (फिलिप्पीहरूलाई २:६-८)। त्यो बाटो अपनाउन येशूले मानव पापको निम्ति यस्तो दुःख भोग्नुभयो कि यस संसारमा अय्यूब समेत गरेर कोही पनि मानिस दुःख पाउन सक्दैन। त्यसकारण अय्यूबले जस्तो हामीले अरू के भन्न सक्छौं तर यो स्वीकार गर्न वाध्य हुनपुग्छौंः "मलाई असाध्य शर्म लाग्छ। तपाईंको बारेमा जे बोलें त्यसप्रति मलाई धेरै दुःख लागेको छ। म यहाँ धुलो र खरानीमा किन बस्नु परिरहेको छु भनेर मैले तपाईंसँग दुखेसो पोखाएको थिएँ" (अय्यूब ४२:६ रूपान्तरित)?**

## ५. शैतानको भन्डाफोर हुन्छ (यूहन्ना १२:३०-३२)

क्रुस र ख्रीष्टसँग महान् विवादमा शैतान फसेको कारणले शैतानको गति के हुनेछ भनेर निर्णायक निर्णय येशूले यूहन्ना १२:२७-३२मा उच्चारण गर्नुभएको हेर्नुहोस्: "२७ “अब मेरो प्राण व्याकुल भएको छ, र म के भनूँ? हे

पिता, मलाई यस घड़ीबाट बचाउनुहोस्? होइन, यसै कारणले नै म यस घड़ीसम्म आइपुगेको छु। २८ हे पिता, तपाईंका नाउँको महिमा गर्नुहोस्।" तब स्वर्गबाट यस्तो एउटा आवाज आयो, "मैले त्यो महिमा गरेको छु, र फेरि गर्नेछु।" २९ त्यहाँ खड़ा भएको भीड़ले यो सुनेर भन्यो, "यो मेघ गर्जन हो!" अरूहरूले भने, "स्वर्गदूत उनीसँग बोलेका हुन्! " ३० येशूले जवाफ दिनुभयो, "यो आवाज मेरो निम्ति भएको होइन, तर तिमीहरूका निम्ति हो। ३१ अब यस संसारको न्याय हुन्छ। यस संसारको शासक बाहिर फालिनेछ। ३२ अनि जब म पृथ्वीबाट उचालिन्छु, म सबै मानिसलाई आफूतिर खिँच्नेछु।"

एलेन जी ह्वाइटले आफ्नो पुस्तक *द ग्रेट कन्त्रोभर्सी* मा क्रुसमा येशू मर्नुभएको चर्चा गर्नु हुन्छ। अनि उहाँको मृत्युले स्वर्ग र उत्सुकतापूर्वक हेरिरहेका सारा जगतका जीवहरूमा कस्तो प्रभावकारी प्रभाव पारे भनेर यसरी व्याख्या गर्दछिन्: "परमेश्वरको चरित्र र शासनप्रणालीप्रति शैतानले लगाएको झुठो आरोप अब सत्य ज्योतिमा सबैले सफासँग देख्न पाएका थिए। आफ्ना जनहरूसँग जबरजस्ती आफ्नो मान र श्रद्धा परमेश्वरले खोज्नुभएको थियो ताकि तिनीहरूले उहाँको आज्ञा पालन गरोस् र उहाँमा समर्पित होस् भनेर शैतानले उहाँको आरोप लगाएको थियो। सबै जिवहरूबाट उहाँको अगाडि आफूहरू जबरजस्ती रित्तियुन भनेर परमेश्वर चाहनुहुन्छ भनेर शैतानको दावी थियो। तर आफूले चाहीँ केही नत्यागने र निस्वार्थी भएर अरूको हित नखोज्ने परमेश्वर कस्तो परमेश्वर भनेर उहाँको चरित्रहत्या गर्ने बाटो शैतानले अपनाएको थियो। अब सारा स्वर्गदूत र जगतका जीवहरू यो देख्न अवसर पाएकी प्रेमैबाट अभिप्रेरित भएर मानिसहरूलाई तिनीहरूको पापबाट उद्धार गर्न जगतको शासकले महान् त्यागको पराकाष्टा अपनाउनुभएको थियो। उहाँ त्यस परमेश्वर हुनुहुन्छ जसले "यस संसारलाई ख्रीष्टको माध्यमबाट आफूतिर फर्काउनुभएको थियो।" २ कोरन्थी ५:१९ रूपान्तरित। परमेश्वरमाथि शासन गर्न र सबैबाट महिमा वा प्रशंसा पाउने चाहनाले गर्दा लुशिफरले पापको ढोका खोलेको थियो भनेर सबैको सामु उघारेर देखाइएको थियो। पापलाई नाश गर्न येशूले आफूलाई नम्र पारेर यस्तो निचमा झार्नुभयो कि उहाँ मर्नपनि राजी हुनुभयो।"-*द ग्रेट कन्त्रोभर्सी,* पृ. ५०२बाट रूपान्तरित।

पतित संसार ख्रीष्टको मृत्युले परमेश्वरकहाँ कसरी फर्किनसक्छ भनेर २ कोरन्थी ५:१९,२०मा पावलले व्यक्त गरेको हेर्नुहोस्: "१९ अर्थात् स्वयम् ख्रीष्टमा हुनुभएर परमेश्वरले संसारलाई आफूसँग मिलापमा ल्याउँदैहुनुहुन्थ्यो।

तिनीहरूका अपराधका लेखा नलिएर मिलाप गराउने कामको सन्देश उहाँले हामीलाई सुम्पिदिनुभएको छ। २० यसकारण हामी ख्रीष्टका राजदूतहरू हौं, र परमेश्वरले हामीद्वारा अनुरोध गरिरहनुभएको छ। ख्रीष्टकै पक्षमा हामी तिमीहरूलाई बिन्ती गर्दछौं, कि तिमीहरू परमेश्वरसँग मिलापमा आओ।"

निःसन्देह यस संसार पापको दलदलमा फसेको छ। यसले परमेश्वरको अस्तित्वको खिलाफमा बिद्रोह गरेको छ। अय्यूबको पुस्तकले स्पष्ट रूपमा जनाएको अनुसार यस संसार शैतानको दुष्ट तथा आतङ्कित योजनाको जालोमा परेको छ। तर आफ्नो परमेश्वरिय स्वभावलाई कहिलै पनि नत्यागी येशू स्वइच्छाले मानिस हुन अर्पण गर्नुभयो। उहाँको त्यो पुनित कार्यले गर्दा स्वर्ग र पृथ्वीको बीचमा कहिलै नटुटने मिलनको सृजना भएको थियो। उहाँको मृत्युले अन्तमा पाप हट्ने र शैतान नाशहुने प्रत्याभूति वा ग्यारेन्टी उहाँले दिनुभएको थियो। क्रुसमा येशूले पापको कानुनी मोल तिर्नुभयो जसले गर्दा पतित संसार परमेश्वरमा फर्काइएको थियो। हो हामीहरू पापी हौं। हामीहरूको पापले गर्दा हामी मर्ने दण्डको भोगी छौं। तर येशूमा विश्वास राखेर उहाँको निष्ठामा अडिग भएर बस्न सक्यौं भने हामी सबै मानव जातिलाई अनन्त जीवनको वाचाले सुसज्जित हुन सक्छौं।

तपाईंले जुनसुकै पाप गरेतापनि येशूले तपाईंको निम्ति पापको मोल पूर्णरूपमा तिरिसक्नुभएको छ। यो अचम्मको आत्मज्ञानको सत्यले के तपाईंको जीवनमा परिवर्तन ल्याउँदैन र ताकि त्यसले गर्दा तपाईं उहाँका आज्ञाहरू शिरोपर गरेर उहाँको निम्ति जिउनसकुन्?

**उपसंहारः**

थप जानकारीः "अब संसारको न्याय हुनबेला भएको छ," येशूले भन्नुभयो। "यस संसारको शासक वा राजकुमारलाई (शैतान) फैंकिने छ। तर मचाहीं यस पृथ्वीबाट उचालिनेछु। जब म उचिलिनेछु तब मैले सारा मानिसहरूलाई मतिर खिंच्नेछु। आफू कसरी मर्ने भनेर थाहा दिन येशूले उक्त कुरा भन्नुभएको थियो" (यूहन्ना १२:३१-३२ रूपान्तरित)। यो संसारको सङ्कट हो। येशूले आफ्नो बारेमा सोच्नुभएको थियो, "यदि मानिसहरूको पापको निम्ति म बलि भएँ भने, यस संसार ज्योतिले चम्किनेछ। मानिसहरूमा शैतानको पकड फुट्किनेछ। परमेश्वरको बारेमा अनेकन् प्रदुषित चरित्रको मानव जगतमा फेरि असलीरूपमा पुनर्स्थापना हुनेछ। अनि विश्वासी सन्त परिवारहरूले अन्तमा

स्वर्गको घरमा बस्न पाउनेछन्। यो नव जीवन ख्रीष्टको मृत्युले सम्भव हुन गएको हो। भावी भविष्यमा हुने महिमित दृष्य येशूको सामु आउँदा उहाँ अत्यन्त गहिरो सोचमा डुब्नुभएको थियो। उहाँले त्यस निर्दयी क्रुसलाई त्यसले ल्याउन अनेकन् आतङ्कित र भयाभव दृष्टिले हेर्नुभएको थियो। तर त्यो महिमाले चम्किएको थियो।

"तर क्रुसमा जे भयो सो केवल मानवको मुक्तिको निम्तिमात्र सम्पन्न भएको थिएन। सारा जगतको सामु परमेश्वरको प्रेमलाई प्रदर्शित गरेको थियो। यस संसारको राजकुमालाई फैंकिएको थियो। परमेश्वरको खिलाफमा ल्याएको आरोपहरू झुठो ठहरिन पुगेको थियो। जुन् दाग शैतानले स्वर्गमा फैलाएको थियो त्यो सदाको निम्ति मेटिएको थियो। अब स्वर्गदूतहरू र मानव प्राणीहरू उद्धारकर्ताको सामु आकर्षित भएका थिए।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज्,* पृ. ६२५,६२६बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. अय्यूबको पुस्तकमा जवाफ नदिएका प्रश्नहरूको जवाफ येशूको जीवन र मृत्युले कसरी दिइएको छ भनेर अरू कुन् प्रकारले दिएका छन् भनेर के तपाईंले सोच्न सक्नुहुन्छ?

आ. परमेश्वरको चरित्रलाई क्रुसले कसरी सिकाउँछ भनेर सोच्नुहोस्। विशेष गरेर हामीलाई सृष्टि गर्ने परमेश्वर नै हामीहरूको निम्ति क्रुसमा मर्नुभयो भन्ने ज्ञानले हामीलाई झन अचम्मित पार्दछ। हामीहरूमा जुनसुकै समस्याहरू आएतापनि यसले हामीलाई कस्तो आशा र सान्त्वना दिन सक्दछ? यस अचम्मको आत्मज्ञानले परमेश्वरमाथि भरोसा राख्न र उहाँको भलाईमा भर पर्न हामीलाई कसरी सिकाउँदछ? (हेर्नुहोस्, रोमी ८:३१-३९ "३१ हामीले यसमा के भन्ने त**?** यदि परमेश्वर हामीतर्फ हुनुहुन्छ भने**,** हाम्रो विरुद्ध को हुन्छ**?** ३२ जसले आफ्नै निज पुत्रलाई बाँकी राख्नुभएन**,** तर हामी सबैका निम्ति उहाँलाई दिनुभयो**,** के उहाँले हामीलाई सबै थोक पनि उहाँकै साथमा दिनुहुनेछैन र**?** ३३ परमेश्वरका चुनिएकाहरूका विरुद्धमा कसले अभियोग लाउनेछ**?** धर्मी ठहराउने परमेश्वर नै हुनुहुन्छ भने**,** ३४ दण्डको आज्ञा दिने

को हो? मर्ने त ख्रीष्ट येशू, हुनुहुन्छ, जो मरेकाहरूबाट जीवित पारिनुभयो, र परमेश्‍वरको दाहिने बाहुलीतर्फ हुनुहुन्छ, र हाम्रा निम्ति मध्यस्थ पनि गर्नुहुन्छ। ३५ कसले हामीलाई ख्रीष्टको प्रेमबाट अलग गर्ने? के सङ्कष्टले, अथवा दुःखले, वा खेदोले, वा अनिकालले, वा नग्नताले, अथवा खतराले वा तरवारले? ३६ यस्तो लेखिएको छ, "तपाईंको खातिर हामी दिनभरि मारिन्छौं, काटिने भेड़ाहरूजस्तै हामीहरू गनिएका छौं।" ३७ होइन, यी सबै कुरामा हामीलाई प्रेम गर्नुहुनेद्वारा हामी विजेताहरूभन्दा पनि अझ बढ़ी छौं। ३८ किनकि म यो पक्का गरी जान्दछु, कि मृत्युले वा जीवनले, स्वर्गदूतहरूले वा प्रधानताहरूले, वर्तमानका कुराहरूले वा पछि हुने कुराहरूले, वा शक्तिहरूले, ३९ उचाइले वा गहिराइले, वा सारा सृष्टिमा भएका कुनै पनि कुराले, ख्रीष्ट येशू हाम्रा प्रभुमा भएका परमेश्‍वरको प्रेमबाट हामीलाई अलग गर्न सक्नेछैन।")।

इ. ख्रीष्ट र शैतानको बीचमा जुन् युद्ध भइरहेको छ सो स्वर्ग र पृथ्वीमा पनि चर्किरहेको छ भनेर अय्यूबको पुस्तकले खुलासा गरिएको छ। स्वर्गको महिमामा मात्र रहनुभएको येशूलाई चिनिने स्वर्गदूतहरूको मनमा के भिज्यो होला जब क्रूसको भयावभ दृष्यमा उहाँ पर्नुभएको थियो। यस अचम्मको धारणालाई गहिरिएर सोच्दा येशूमा हामीलाई दिएको अनुभवलाई अझ कसरी राम्रोसँग सराहना गर्न सक्छौं, सोच्नुहोस्?